नेपाल सरकार
गृह मन्त्रालय

# नेपाल एपीएफ ठाकोदेवी जोगेन्द्र भगत स्कूल, (शम्भुनाथ ११, सप्तरी)

## राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं.
## (NAPF TJB SCHOOL SAPTARI /NCB/R/01/2078/079)

**सूचना प्रकाशन मितिः २०७८/१२/३० गते।**

१. नेपाल एपीएफ ठाकोदेवी जोगेन्द्र भगत स्कूल सप्तरीमा अध्ययन गर्ने १३० (विद्यार्थी संख्यामा थपघट हुन सक्ने) आवासीय छात्र/छात्राहरुको लागि २०७९ साल जेष्ठ १ गते देखि २०७९ साल चैत्र मसान्त सम्म जम्मा ३०५ दिन (स्कूल बिदा कट्टा गरी) को लागि e-bidding को माध्यमबाट राशन सामाग्रीहरु आपूर्ति गर्नुपर्ने भएकोले राशन आपूर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धित निकायबाट ईजाजत प्राप्त ईच्छुक नेपाली बोलपत्रदाताहरुबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

२. सार्वजनिक खरिद अनुगमन कार्यालयको अन्तरिम Portal: www.bolpatra.gov.np/egp बाट राशन सामाग्रीहरु खरिद सम्बन्धी e-bidding को कार्य हुनेछ। उक्त web मा Login गरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्रदाताहरुले भाग लिन सक्नेछन।

३. बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु.३,०००।- फिर्ता नहुने गरी यस विद्यालयको नाममा रहेको ज्योति विकाश बैंक लि. रुपनी शाखामा रहेको खाता नं. ०६३००१००३११५३६०००००१ मा नगदै जम्मा गरेको बैंक भौचरको Scanned Copy PDF Format मा Upload गर्नु पर्नेछ।

४. बोलपत्रदाताले बोलपत्रसाथ पेश गर्नु पर्ने सम्पूर्ण कागजातहरु मिति २०७९/०१/२९ गते १२:०० बजे भित्र www.bolpatra.gov.np/egp मा Scanned Copy PDF Format मा Upload गरी सक्नु पर्नेछ।

५. बोलपत्रसाथ यस विद्यालयको नाममा रहेको ज्योति विकाश बैंक लि. रुपनी शाखामा रहेको धरौटी खाता नं.०६३००१००३११५३६०००००१ मा रु.२,६७,०००।- (दुई लाख सड्सठ्ठी हजार) मात्र नगदै रकम जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको कुनै बाणिज्य बैंक वा बित्तिय संस्थाबाट यस विद्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको बोलपत्र जमानत पेश गर्नु पर्नेछ। सोको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा बोलपत्रको मान्य अवधि (९० दिन) भन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ।

६. Pre Bid Meeting मिति २०७९/०१/१९ गते १३:०० बजे यस विद्यालयमा राखिएको छ।

७. बोलपत्र सम्बन्धी थप जानकारीका निमित्त यस विद्यालयको फोन नं.९८५१२७२७७३ मा सम्पर्क गर्न सकिने छ। साथै बिस्तृत सूचना सशस्त्र प्रहरी बल, नेपालको website: www.apf.gov.np र www.ppmo.gov.np मा समेत हेर्न सकिने छ।